मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**तेस्रो दीक्षान्त समारोहमा सहभागी हुन फाराम भर्ने म्याद थप (अन्तिम पटक) सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति २०८१/११/११)

मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा सहभागी हुन इच्छुक केही विद्यार्थीहरु आवेदन फारम भर्न छुटेको जानकारी आएकाले, यस विश्वविद्यालय अन्तर्गतका ग्र्याजुएट स्कूल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेज, ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट, ग्र्याजुएट स्कुल अफ एजुकेशन, ग्र्याजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ, ग्र्याजुएट स्कुल अफ ल र स्कुल अफ म्यानेजमेन्ट (MUSOM) बाट मिति २०८१ साल फाल्गुन १२ गते (February 24, 2025) सम्म स्नातक, स्नातकोत्तर, दर्शनाचार्य (M.Phil) तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका एवम् सोही अवधि भित्र विद्यावारिधी (Ph.D.) तह पुरा गरेका इच्छुक विद्यार्थीहरुले परीक्षा व्यवस्थापन कार्यालयद्वारा वितरण गरिएको तोकिएको ढाँचामा आवेदन फाराम भरी मिति २०८१ साल फाल्गुन १३ गते (February 25, 2025) साँझ ५:०० बजेसम्म बुझाउने म्याद अन्तिम पटक थपिएको सबैमा सूचित गरिन्छ ।

**(क) आवेदन फारामसाथ बुझाउनुपर्ने आवश्यक कागजातहरु:**

(१) स्वदेशी विद्यार्थीको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी विद्यार्थीको हकमा राहदानीको प्रतिलिपी एक प्रति ।

(२) ट्रान्सक्रिप्टको प्रतिलिपी एक प्रति ।

(३) हालसाले खिचाएको MRP साइजको रङ्गिन फोटो तीन प्रति ।

(४) परीक्षा व्यवस्थापन कार्यालय मध्यपश्चिम विश्वविद्यालयको निम्न बैंक खातामा शुल्क जम्मा भएको सक्कल भौचर ।

खातावालाको नाम : **परीक्षा व्यवस्थापन कार्यालय, एम.यू.**  बैंक नाम : **नेपाल बैंक लिमिटेड, सुर्खेत शाखा**

खाता नं. **19400107338230000001**

**(ख) दीक्षान्त समारोहमा सम्मिलित हुन चाहने विद्यार्थीहरुले निम्नानुसारको शुल्क जम्मा गर्नुपर्नेछ ।**

| तह | दीक्षान्त शुल्क | प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा रु. |
|---|---|---|---|---|
| स्नातक | १,५००/- | १,२५०/- | २,०००/- | ४,७५०/- |
| स्नातकोत्तर | २,०००/- | १,७५०/- | २,०००/- | ५,७५०/- |
| दर्शनाचार्य | २,५००/- | २,२५०/- | २,०००/- | ६,७५०/- |
| विद्यावारिधि | ३,०००/- | २,५००/- | २,०००/- | ७,५००/- |

- दीक्षान्त समारोहमा दीक्षित हुने विद्यार्थीसाथ एक जना अभिभावक सरिक गराउन सकिनेछ । यदि अभिभावक पनि सरिक गराउने भएको खण्डमा रु ५००/- (फिर्ता नहुने) थप शुल्क लाग्नेछ ।
- दीक्षान्त समारोहको विस्तृत कार्यक्रमबारे जानकारी पछि प्रकाशित गरिनेछ ।

परीक्षा व्यवस्थापन प्रमुख

मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत